## बैठक न ४१

तामाकोशी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयको सभाहलमा आज मिति २०८१।०४।१७ गते गाउँपालिकाका अध्यक्ष श्री प्रोणप्रताप के.सी को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ॥

उपस्थिति:

| सि नं | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री प्रोणप्रताप के.सी | अध्यक्ष | | |
| २ | श्री सृजना खड्का सुवेदी | उपाध्यक्ष | | |
| ३ | श्री बसन्त बहादुर थापा क्षेत्री | वडाअध्यक्ष | | |
| ४ | श्री ईश्वरराज कार्की | वडाअध्यक्ष | | |
| ५ | श्री रामप्रसाद काफ्ले | वडाअध्यक्ष | | |
| ६ | श्री नारायण खड्का | वडाअध्यक्ष | | |
| ७ | श्री शम्भु प्रसाद फुयाल | वडाअध्यक्ष | | |
| ८ | श्री कृष्ण प्रसाद फुयाल | वडाअध्यक्ष | | |
| ९ | श्री खुस बहादुर सुनुवार | वडाअध्यक्ष | | |
| १० | श्री रिता पोखरेल | कार्यपालिका सदस्य | रिता | |
| ११ | श्री सुनिता विश्वकर्मा | कार्यपालिका सदस्य | | |
| १२ | श्री ईन्दिरा कार्की | कार्यपालिका सदस्य | | |
| १३ | श्री संगिता वि.क. | कार्यपालिका सदस्य | | |
| १४ | श्री नरध्वज सुनुवार | कार्यपालिका सदस्य | | |
| १५ | श्री सुमन मिजार | कार्यपालिका सदस्य | | |
| १६ | श्री बद्री प्रसाद शर्मा वाग्ले | सदस्य सचिव | | |

Scanned with CamScanner

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

## गाउँ कार्यपालिकाको एकचालीसौं तथा भू-उपयोग परिषदको पहिलो बैठक

**मिति २०८१/४/१७ गतेको तामाकोशी गाउँकार्यपालिका तथा भू-उपयोग परिषद बैठकका प्रस्ताव तथा निर्णयहरु**

बैठकका प्रस्तावहरु

१ योजनाको म्याद थप सम्बन्धी

- जफे सभाहल निर्माण योजना (आन्तरिक स्रोत)
- भिरकोट छौंडे देउराली सडक योजना (संघीय समपुरक) हाल आन्तरिक स्रोत

२ कार्य सम्पन्न भएका तर बजेट नपुग भएर भुक्तानी रोकिएका योजनाको भुक्तानी सम्बन्धमा

- मालु पम्पसेट योजना (गत वर्षकै योजना) हाल हर्जना सहित म्याद थप भई सम्पन्न भएको।
- चारधाम मन्दीर निर्माण योजना (गत वर्षकै योजना) हाल हर्जना सहित म्याद थप भई सम्पन्न।
- हेफर प्रोजेक्ट नेपालको गतवर्ष कार्यक्रम सम्पन्न भएको भुक्तानी सम्बन्धमा ।

३ स्वीकृत दर रेट कार्यान्वयन गर्ने सम्बन्धमा ।

४ स्वीकृत योजनाको ठेक्का प्रक्रिया तथा उपभोक्ता समिति गठन तथा योजना सम्झौता प्रक्रिया शुरु गर्ने सम्बन्धमा ।

५ रिक्त पदमा पदपूर्ति तथा कार्यरत करार कर्मचारीको निरन्तरता सम्बन्धमा ।

६ क्रशर उधोगहरुको व्यवस्थापन सम्बन्धी ।

७ भू-उपयोग क्षेत्रहरुको वर्गीकरण सम्बन्धमा ।

Scanned with CamScanner

निर्णय प्रमाणित

**निर्णयहरु**

निर्णय नं१: योजनाको म्याद थप गर्ने निम्नानुसारको निर्णय पारित गरियो ।

- जफे सभाहल निर्माण योजना विशेष परिस्थितिमा ढीला हुन गएको र आन्तरिक स्रोतवाट निर्माण हुने भएकोले नियमानुसार म्याद थप गर्ने निर्णय गरियो ।
- भिरकोट छौंडे देउराली सडक योजना संघीय समपुरकको नियमानुसार म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं २: कार्य सम्पन्न भएका तर बजेट नपुग भएर भुक्तानी रोकिएका योजनाको भुक्तानी सम्वन्धमा निम्नानुसार निर्णय गरियो ।

- मालु पम्पसेट योजना (गत वर्षकै योजना) हाल हर्जना सहित म्याद थप भई सम्पन्न भएको हुनाले अन्तिम मुल्याङ्कन बमोजिमको भुक्तानी यस वर्षको उपयुक्त वजेट शीर्षकवाट गर्ने।
- चारधाम मन्दीर निर्माण योजना (गत वर्षकै योजना) हाल हर्जना सहित म्याद थप भई सम्पन्न भएको हुनाले अन्तिम मुल्याङ्कन बमोजिमको भुक्तानी यस वर्षको उपयुक्त शीर्षकवाट गर्ने।
- गत आ,व,मा गरेको सडक सरसफाई अन्तरगतको कारणवस भुक्तानी हुन नसकेको ईन्धन वापतको विल बमोजिमको भुक्तानी रकम, वडा नं ३ को कार्यवाहक वडाअध्यक्षको जिम्मेवारीको विषयमा परेको मुद्दामा वकालत वापत भएको खर्चको भुक्तानी र मिति २०८०।६।२३ गतेको गाउँ कार्यपालिकाको वैठकले निर्णय गरेता पनि कारणवस् हुन नसकेको भुक्तानी "फ्यूचर स्टार युनाइटेड क्लव किर्ने दोलखा र किर्ने ब्वाइज युनाइटेड क्लव किर्ने दोलखाको संयुक्त आयोजनामा संचालन हुने खुल्ला पुरुष फूटवल प्रतियोगिताको लागि आर्थिक सहयोग माग भई आएकोले आयोजकले पेश गरेको प्रस्तावको आधारमा प्रथम र तृतीय नगद पुरुष्कार राशी वरावर जम्मा रु ६०,०००। आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो " यसवर्षको उपयुक्त वजेटवाट नियमानुसार भुक्तानी गर्ने ।

Scanned with CamScanner

निर्णय प्रमाणित

- हेफर प्रोजेक्ट नेपालको गतवर्ष कार्यक्रम सम्पन्न भई भुक्तानी दिन बाँकी रकम रु ४१३१०००। यस वर्षको वजेट शीर्षकवाट भुक्तानी गर्ने।

निर्णय नं ३: आ व ८१/८२ कोलागि दररेट कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०८१ असार ३० गते दोलखा जिल्लाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा वसेको बैठकद्वारा निर्णय भएको दररेटलाई कायम गर्ने र उक्त दररेटमा उल्लेख नभएको आईटमहरुमा काठमाण्डौ र काभ्रेपलाञ्चोक जिल्लाको कायम गर्ने र उक्त जिल्लाहरुको दररेटमा नपरेका आईटमहरुमा सम्वन्धित फर्म/संस्था वा सप्लायर्सले नियमानुसार पेश गरेको कोटेशनवाट कार्यान्वयन गर्ने निर्णय पारित गरियो ।

निर्णय नं ४: तामाकोशी गाउँपालिकाको आ व ८१/८२ को स्वीकृत योजनाको ठेक्का तर्फका योजजनाहरु यही भाद्र महिनाभित्रमा टेण्डर गरिसक्ने तथा उपभोक्ता समिति तर्फका योजनाहरु यही असोज महिना भित्रमा सम्झौता गरिसक्नु पर्ने निर्णय पारित गरियो ।

निर्णय नं ५: पालिकाको स्वीकृत दरवन्दी भित्रका रिक्त प्राविधिक पदमा सम्बन्धित सरकारवाट स्थायी पदपूर्ति नभएसम्मको लागि करार सेवामा पदपूर्ति गर्ने तथा कार्यरत करार कर्मचारीको करार अवधि समास भएको मितिवाट नियमानुसार म्याद थप गर्ने निर्णय पारित गरियो । सामुदायिक स्वास्थ्य ईकाईमा कार्यरत करार जनशक्तिको म्याद थप नगर्ने उक्त निकायमा सम्बन्धित हेल्थपोष्टलेनै कार्य सम्पादन गर्ने ।

निर्णय नं ६: क्रशर उधोगहरुको व्यवस्थापन सम्बन्धमा तामाकोशी गाउँपालिकाभित्र सञ्चालन भएका क्रशर उधोगहरुको सम्बन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

- आ,व, ८०/८१ भरिमा सम्बन्धित क्रशरहरुमा अन्य पालिकाहरुवाट प्राप्त नदिजन्य पदार्थको विवरण र क्रशरवाट निकासी भएको पदार्थको विवरण माग गर्ने ।
- पालिकाका प्राविधिक समुहवाट हालसम्म सम्बन्धित क्रशरहरुमा स्टक रहेको नदीजन्य पदार्थको एकीन विवरण तयार गर्ने ।

Scanned with CamScanner

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णय प्रमाणित

निर्णय नं ७: भू-उपयोग नियमावली,२०७९(संशोधन सहित)को अधीनमा रही पालिकाभित्रका भू-क्षेत्रहरुलाई निश्चित मापदण्डको आधारमा सम्बन्धित वडाहरुवाट सिफासिससाथ प्राप्त भएको देहाय बमोजिमको भू-उपयोग क्षेत्रहरुको वर्गीकरण अविलम्ब कार्यान्वयनमा ल्याउन आवश्यक रहेकोले मिति २०८१/४/१७ गतेको भू उपयोग परिषद्को वैठकवाट पारित गरी कार्यान्वयनको लागि जिल्ला मालपोत कार्यालय दोलखा तथा जिल्ला नापी कार्यालय दोलखामा पठाउने निर्णय गरियो ।

Scanned with CamScanner